दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३०२ | बुटवल | २०८२ कात्तिक २६ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday November 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## जेनजीको जनादेश पार्टी आयोगमा

बुटवल । निर्वाचन आयोगमा जनादेश पार्टी नेपालले दल दर्ताका लागि निवेदन दिएको छ । मंगलबार अधिवक्ता रमणकुमार कर्णको नेतृत्वमा जनादेश पार्टी नेपालले निर्वाचन आयोगमा निवेदन दिएको हो । जनादेश पार्टीमा आन्दोलनकारी जेनजी र अनुभवी प्रोफेसनलहरूको सहभागिता रहेको कर्णले बताए । उनी सर्वोच्च अदालत बार एसोसिएसनका सचिव पनि हुन् ।

दल दर्ताको आवेदन दिएपछि संयोजक कर्णले आफू केही समयका लागि संयोजकका रूपमा रहे पनि यसको नेतृत्व जेनजी पुस्ताले नै गर्ने बताए ।

'जेनजी आन्दोलनकारीकै नेतृत्वमा यो दल निर्वाचनमा होमिन्छ, मैले कानुनी प्रक्रियाका लागि तत्काललाई संयोजन गरेको हुँ, केही दिनमा हामी वृहत् भेलामार्फत् नयाँ नेतृत्व र पदाधिकारीहरू छान्छौं ।'- उनले भने । संयोजक कर्णकाअनुसार यसमा अहिले सबै सदस्यहरू मात्र राखिएको छ । जसमा जेनजी आन्दोलनकारी र घाइतेहरूका पनि छन् । पार्टी गठनमा पोखराकी जेनजी अगुवा विप्लवी न्यौपाने, जस्मिन ओझा, नागरिकता अभियन्ता इन्द्रजीत साफी, जेनजीसहित परिवारका गणेण चौलागाईं र कमल सुवेदीलगायत छन् । पार्टीमा ७५ केन्द्रीय सदस्य छन् ।

## मतदाता नामावलीमा नाम दर्ता गर्ने समय थप गर्न माग

बुटवल । राष्ट्रिय स्पतन्त्र पार्टी (रास्वपा) ले मतदाता नामावलीमा नाम दर्ता गर्ने समय थप गर्न माग गरेको छ । गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटेर यस्तो माग गरिएको हो ।

हाल सञ्चालन भइरहेको मतदाता नामावलीमा नाम दर्ता गर्ने क्रममा बायोमेट्रिक दिनेलगायतका प्राविधिक समस्याले निर्धारित मितिमा सबैले मतदाता नामावलीमा नाम दर्ता गराउन सम्भव नदेखिएको रास्वपाको निष्कर्ष छ ।

यस्तो निष्कर्षसहित रास्वपाले गृहमन्त्रीलाई पत्र बुझाउँदै भनेको छ-'मतदाता नामावलीमा नाम दर्ता गराउन बयोमेट्रिक दिनमा देखिएको समस्या समाधान गर्न तथा समयवधि थप गरिदिनुहुन अनुरोध गर्दछौं ।'

निर्वाचन आयोगको तालिका अनुसार मतदाता नामावलीमा नाम दर्ता गर्ने समयसीमा यही कात्तिक ३० गतेसम्म मात्रै छ ।

निर्धारित समयभित्र सबैले मतदाता नामावलीमा नाम दर्ता गराउन सम्भव नदेखिएको भन्दै रास्वपाले समय थप गर्न रास्वपाको माग गरेको हो ।

यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समेत मतदाता नामावली संकलन कार्य तोकिएको म्यादभित्र सम्पन्न गर्न नसकिने अवस्था भए समय थप गर्न सकिने सन्देश निर्वाचन आयोगलाई दिइसकेको छ ।

प्रधानमन्त्री कार्यालयले आवश्यक परे मतदाता नामावलीमा नाम दर्ता गरिसक्नुपर्ने ३० कात्तिकसम्मको म्याद पुनरावलोकन गर्न सकिने समेत भनेको छ ।

यो अवस्थामा रास्वपाले समेत मतदाता नामावलीमा नाम दर्ता गर्ने समय थप गर्न माग गरेको हो । साथै, रास्वपाले विदेशमा रहेका नेपालीले मतदाता नामवलीमा नाम दर्ता गराउने सम्बन्धमा समेत सरकारको ध्यानाकर्षण गरेको छ ।

विदेशमा रहेका नेपालीको मतदाता नामावलीमा नाम दर्ता कार्य तत्काल सुरु गर्न गृहमन्त्री अर्यालसमक्ष माग प्रस्तुत गरेको छ ।

# उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदन कार्यान्वयन हुँदै



बुटवल । सरकारले उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदन कार्यान्वयन अघि बढाएको बताएको छ ।

अर्थमन्त्री रामेश्वर खनालका अनुसार उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएका सुझावहरू क्रमशः कार्यान्वयन गर्न थालिएको छ ।

राष्ट्रिय सभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको मंगलबारको बैठकमा अर्थमन्त्री खनालले आयोगका अधिकांश सिफारिस कार्यान्वयन गर्ने जिम्मेवारी अहिले अर्थ मन्त्रालयले लिएको बताए । केही नीति तथा कानुन तयार पार्ने प्रक्रियामा रहेको उनको भनाइ छ ।

खनालका अनुसार आयोगका कतिपय सिफारिस दीर्घकालीन प्रकृतिका रहेकाले संसद्बाट कानुन पारित गर्नुपर्ने हुन्छ ।

कार्यकारी निर्णयबाट गर्न सकिने सुधारहरू तत्काल कार्यान्वयन गरिसकिएको उनले बताए ।

जहाँसम्म आयोगको प्रतिवेदन कार्यान्वयनको कुरा छ, म आफैंले तयार गरेको प्रतिवेदन कार्यान्वयनको जिम्मेवारी अहिले मेरो काँधमा आएको छ,' तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले गठन गरेको आयोगका अध्यक्ष रहेका वर्तमान अर्थमन्त्री खनालले भने- 'कतिपय विषय कानुन बनाएर मात्र अघि बढाउन सकिन्छ, त्यसका लागि संसद् प्रक्रियामा लैजाने तयारी भइसकेको छ ।'

नीति बनाउने मात्रै नभएर त्यसलाई लागू गर्न कानुनी ढाँचा तयार पार्न जरुरी रहेको उल्लेख गर्दै उनले थपे-'यो काम सुरु भइसकेको छ र आगामी बजेटसम्ममा ठोस परिणाम देखिने अपेक्षा गरिएको छ ।'

उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएको सुधारअनुसार नै राजश्व र भन्सार प्रशासनमा योग्यता सुधार गरिएको उनले बताए ।

अर्थमन्त्री खनालका अनुसार कर प्रणालीमा देखिएका कमजोरीहरू सुधार गर्न राजस्व प्रशासनमा योग्यता अभिवृद्धि गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गरिएको छ ।

आयकर गणना गर्न नसक्ने, ब्यालेन्स सेट पढ्न नजान्ने कर्मचारीहरू जिम्मेवार पदमा रहँदा करदाताले राम्रो सेवा पाउन नसकेको भनेर अहिले पदपूर्ति गर्दा नै योग्यतामा सुधार गरिएको छ ।

'हाम्रो आन्तरिक राजस्व प्रशासन र भन्सार प्रशासनमा योग्य कर्मचारी नहुँदा सेवा गुणस्तर घटेको थियो । अहिले शाखा अधिकृत तहमा योग्य जनशक्ति भर्ना गर्ने निर्णय गरिएको छ, यसपछि करदाताले राम्रो सेवा पाउने र राजश्व बढ्नेछ ।'- उनले भने ।

अर्थमन्त्री खनालका अनुसार यो सुधार उच्चस्तरीय आर्थिक सुधार आयोगको सिफारिसअनुसार गरिएको हो, जसले प्रशासनिक दक्षता र पारदर्शिता बढाउने सरकारको अपेक्षा छ ।

देशभरका पालिकामा एमालेको सभा र प्रदर्शन

# संसद पुनःस्थापनाबाटै निकास निस्कने नेताहरूको भनाइ



बुटवल । एमालेले मंगलबार ७५३ वटै पालिकामा सभा र जनप्रदर्शन गरेको छ । संविधानको रक्षा र प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा बोकेर एमालेले सभा र प्रदर्शन गरेको हो ।

एमाले सचिवालय र केन्द्रीय कमिटी बैठकले वडा तहसम्मै जनपरिचालन गर्ने निर्णय गरेको थियो ।

पालिका तहमा भएको प्रदर्शनमा केन्द्रीय नेता मुख्य वक्ताको रूपमा खटिएका थिए । बुटवलमा भएको प्रदर्शनमा पोलिटब्यूरो सदस्य लिला गिरीलगायत नेता खटिएका थिए । तिलोत्तमामा प्रदेश कमिटी सदस्य बासुदेव घिमिरे, सिद्धार्थनगरमा पोलिटब्यूरो सदस्य दधिराम न्यौपाने, सैनामैनामा केन्द्रीय सदस्य गोमा आचार्यलगायत नेतालाई खटाइएको एमाले जिल्ला अध्यक्ष यज्ञ गैरेले जानकारी दिए । पालिका तहको प्रदर्शन व्यवस्थित गर्न एमाले महासचिव शंकर पोखरेलले पाँच बुँदे निर्देशन दिएका थिए । प्रदर्शनलाई चुस्त बनाउन सानो हाते माइक र हल्का साउन्ड सिस्टम प्रयोग गन,घना बस्तीका बिचमा कोणसभा वा छोटोसभा गर्नलगायत निर्देशन दिएका थिए ।

एमालेले गत कात्तिक २२ गतेदेखि नै जनपरिचालनलाई तीव्रता दिएको छ । कात्तिक २२ गते ६ हजार ७४३ वडामै प्रदर्शन र भेला गरेको एमालेले कात्तिक २९ गते जिल्ला जिल्लामा प्रदर्शन गर्ने तयारी गरेको छ । एमालेले मंसिर ६ गते भने काठमाडौंमा विशाल प्रदर्शनको तयारी गरेको छ ।

बुटवल उप-महानगर कमिटीले आयोजना गरेको कार्यक्रममा पोलिटब्यूरो सदस्य लिला गिरीले मुलुकमा शान्ति सुरक्षाको बहाली नभएसम्म चुनाव हुन नसक्ने बताए । 'सरकार दलहरुलाई पन्छाएर अघि बढ्न खोज्दैछ, दलहरुलाई किनारा लगाएर र अराजकता मच्चाएर चुनाव हुँदैन्,' उनले भने-संसद पुनःस्थापना गरी त्यही संसदबाट सबैका माग पूरा गर्नुपर्छ ।'

उता एमाले सिद्धार्थनगर नगर कमिटी, रुपन्देहीले मंगलबार भैरहवामा नगरस्तरीय भेला गरेको छ। भेलामा बोल्दै पोलिटब्यूरो सदस्य दधिराम न्यौपानेले सुशीला कार्की नेतृत्वको सरकारले प्रतिनिधिसभा विघटन गरेर चुनावको घोषणा गरे पनि चुनाव हुन्छ भन्ने विश्वास नलागेको बताए । उनले चुनावको भ्रम फ्याकेर सरकारको ध्यान अन्त्यै रहेको बताए ।

'यो सरकार असंवैधानिक छ, यो संविधानमा टेकेर बनेको सरकार होइन, त्यसकारण यसले चुनाव गराउन सक्दैन ।'-उनले भने। एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य, सिद्धार्थनगर इञ्चार्ज हरिप्रसाद अधिकारीले सर्वदलीय सरकार गठन नगरी मुलुकमा चुनाव हुन नसक्ने बताए ।

यसैबिच एमाले देवदह नगर कमिटीको विस्तारित भेला सम्पन्न भएको छ । नगर कमिटीका अध्यक्ष केशव भट्टराईको अध्यक्षता र केन्द्रीय सदस्य एवं क्षेत्रीय इञ्चार्ज शिवराज सुवेदीको प्रमुख आतिथ्यतामा उक्त भेला सम्पन्न भएको हो । भेलाले रुपन्देहीको कार्तिक २९ गते बुटवलमा हुन लागेको प्रतिगामीविरुद्धको विरोध कार्यक्रममा देवदहबाट धेरैभन्दा पार्टी कार्यकर्ता सहभागी गराउने निर्णय गरेको छ । भेलाले जेनजी आन्दोलनपछि देशमा प्रतिगमन बढेकोले त्यसको विरुद्धमा आन्दोलनमा होमिन पार्टी कार्यकर्तालाई आग्रह गरिएको छ । सो अवसरमा बोल्ने वक्ताहरुले कमीकमजोरीलाई सच्चाउँदै अगाडि बढ्नु पर्नेमा जोड दिएका थिए । उनीहरुले पार्टीलाई अफ्ठ्यारो परेको बेलामा पार्टीका कार्यकर्ताहरु एकढिक्का भएर लाग्नु पर्ने बताउँदै पार्टीमा युवा वर्गलाई जोड्न आवश्यक रहेको औल्याएका थिए । उनीहरुले पार्टीले कार्यकर्ताहरुलाई प्रशिक्षणका योजना अगाडि सार्नुपर्ने बताउँदै पार्टीको विरासतलाई जोगाउनु पर्नेमा जोड दिएका थिए । सोही अवसरमा बोल्दै पार्टीका केन्द्रीय सदस्य सुवेदीले जेनजीको मागलाई पार्टीले आत्मसाथ गर्न आवश्यक रहेको बताउँदै प्रतिगमनको विरुद्ध लाग्न आग्रह गरे । उनले प्रतिगमनविरुद्ध आन्दोलन गर्नको लागि लोकतन्त्रवादी राजनीतिक पार्टीसँग सहकार्य गरी अगाडि बढेको जानकारी दिए । उनले जेनजीको आन्दोलनलाई गलत प्रयोग गर्दै विदेशी शक्तिहरुले राष्ट्रको पहिचान माथि आक्रमण गरेको जनाए । उनले संविधानको सर्वोच्चता र कानुनी राज्य स्थापित गर्ने गरी नेकपा एमाले अगाडि बढेको बताउँदै त्यसको लागि नेता, कार्यकर्ताहरु एकतावद्ध भएर लाग्न आवश्यक रहेकोमा जोड दिए । कार्यक्रममा प्रदेश कमिटी सदस्य विद्यालक्ष्मी गुरुङ्ग, भिमप्रसाद गुरुङ्ग, चक्रपानी न्यौपाने, णप्रसाद न्यौपानेलगायतले आ-आफ्ना सुझावहरु राखेका थिए । नगर कमिटीका उपाध्यक्ष कोषबहादुर गुरुङ्गको स्वागत र सचिव गणेश डुम्रेको सञ्चालनमा भेला सम्पन्न भएको थियो ।



# सम्पादकीय

## विद्युत् खरिद बिक्री सम्झौता छानबिन हुनुपर्छ

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङ र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालको मिलेमतोमा प्राधिकरणलाई झण्डै ४३ करोड नोक्सान पुर्‍याउने गरी भारतीय कम्पनीसँग गरेको सम्झौताको छानबिन हुनुपर्छ । मुलुकलाई करोडौं घाटा लाग्ने गरी सम्झौता भएको भन्ने प्रश्न उठेपछि सत्य तथ्य बाहिर ल्याउन सक्दा सम्झौतामा त्रुटि छ वा छैन भन्ने निक्यौंल हुनसक्छ । कुनै सरकारी अधिकारीमाथि प्रश्न उठेपछि प्रश्नको जवाफ खोज्ने र जवाफदेही बनाउने काम सरकारको हो ।

कुलमानले आफू ऊर्जामन्त्री बनेपछि २०८२ असोज ५ गते विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाएर मनोज सिलवाल नियुक्त गरे । सिलवाललाई नियुक्त गरेलगत्तै आयात हुने विद्युत्का लागि महँगो शुल्क तिर्ने सम्झौता भयो । भारतीय कम्पनी पावर ट्रेड अफ इन्डिया पीटीसीसँग प्रतियुनिट ६.९५ भारु अर्थात् ११.१२ विद्युत् खरिद सम्झौता भएको छ । जब कि पिटीसीले ६.७४ रुपैयाँ भारू अर्थात् १०.७८ रुपैयाँ नेपालीमा बिक्री गर्न सक्ने प्रस्ताव गरेको थियो । कुलमान र मनोजको मिलेमतोमा मुलुकलाई घाटा लागेको भन्दै उठेको प्रश्नको उत्तर नागरिकले पाउनुपर्छ । त्यसो त कुलमानले आफू प्राधिकरणको प्रमुख छँदै मूल्य बढाएर विद्युत् खरिद गर्न भारतीय पक्षसँग सहमति जनाएका थिए । विद्युत् खरिद सम्झौतामा अनियमितता भएको बारेमा सञ्चारमाध्यममा समाचार आएपछि विद्युत् नियमन आयोगको स्वीकृति लिई विद्युत् खरिदको निर्णय भएको कुलमानले प्रष्टिकरण दिएका छन्, उनको यो प्रष्टिकरण झुटा देखिएको छ । नियमन आयोगको निर्णय बिना प्राधिकरण र पिटीसी इण्डियाबिच सम्झौता भएको पाइएको छ ।

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हुँदा कुलमान घिसिङले लामो लोडसेडिङ हटाउन मिहिनेत गरे । प्राधिकरणको संरचनामा व्यापक सुधार गरी चुहावट नियन्त्रण गरे । उनको यो सुधारकै कारण मुलुकमा उनीप्रति ठूलो पंक्ति सकारात्मक भाव राख्छ । त्यही साथकै कारण अहिले कुलमानले कतिपय निर्णयले उद्योगी व्यवसायी मारमा परेका छन् । भारतसँगको विद्युत् सम्झौताले मुलुकलाई घाटा भएको छ । उनले गरेको कमजोरीले गर्दा उनले विगतमा गरेको राम्रो काम ओझेलमा पर्ने जोखिम बढेको छ । कुलमानले गलत गरेका होइनन् भन्ने पुष्टि गर्नका लागि समेत यो सम्झौतामा उठेको प्रश्नबारे छानबिन हुनुपर्छ । शासन सञ्चालनमा बसेकाहरुलाई जवाफदेही बनाउनका लागि सरोकारवाला निकायले छानबिन गर्न ढिलाइ गर्न हुन्न ।

# सेयर बजार ३.२१ अंकले बढ्यो



काठमाडौं । अघिल्ला तीन कारोबारका दिन लगातार झरेको सेयर बजार मंगलबार बढेको छ । सोमबारको तुलनामा मंगलबार नेप्से परिसूचक ३.२१ अंक बढेको हो । सो वृद्धिपछि २५६५ अंकमा नेप्से अडिएको छ । आज सुरुवाती कारोबारपछि करिब साढे १ बजेसम्म ओरालो लागेको नेप्से त्यसपछि सम्हालिएको हो ।

१४२ कम्पनीको मूल्य बढ्दा १०२ को घट्यो भने १० को स्थिर रह्यो । कारोबार रकम घटेको छ । अघिल्लो दिन ४ अर्ब ५१ करोडको कारोबार भएकोमा आज ३ अर्ब ६२ करोडको भयो ।

समूहगत सूचकमा मिश्रित प्रतिक्रिया देखिएको छ । सबै समूहका सूचकको उतारचढाव १ प्रतिशतभन्दा कम रह्यो । बैंकिङ ०.०७, हाइड्रोपावर ०.७७, जीवन बिमा ०.५७, उत्पादन तथा प्रशोधन ०.३३, निर्जीवन बिमा ०.५० तथा व्यापार ०.६९ प्रतिशत बढे ।

अन्य ०.६७, माइक्रोफाइनान्स ०.०५, लगानी ०.२९, होटल तथा पर्यटन ०.३८, फाइनान्स ०.६१ तथा विकास बैंक ०.४७ प्रतिशत घटे ।

चार कम्पनीको सेयर मूल्य १० प्रतिशत बढ्यो । १० प्रतिशत बढेका कम्पनीमा सबै हालै सूचीकृत भएका कम्पनी छन् । बन्दीपुर केबुलकार, माबिलुङ इनर्जी, सागर डिस्टिलरी र बुङ्गल हाइड्रोपावरको मूल्य १० प्रतिशत बढेको हो । त्यस्तै दरामखोला हाइड्रोपावरको ६.८८, इस्टर्न हाइड्रोपावरको ६.२९ तथा स्वस्तिक लघुवित्तको ४ प्रतिशत मूल्य बढ्यो । सिटी होटलको मूल्य सबैभन्दा धेरै ४.९६ प्रतिशत घट्यो ।

धेरै कारोबार भएका कम्पनीमा साहस ऊर्जा, राधि विद्युत्, एनआरएन इन्फ्रास्ट्रक्चर, शिवम् सिमेन्ट र सिनर्जी पावर छन् ।

# श्रम संस्कृति पार्टी रूपन्देहीलाई मिलाएर अघि बढाइन्छ



वास्तवमा यो देशमा श्रम संस्कृति पार्टी जन्मनु एउटा अहोभाग्यको कुरा हो । अब देश र जनताको मुहार पक्का फेरिन्छ । हाम्रो पार्टीका अध्यक्ष श्रमपिता हर्क साम्पाङ युग पुरुष हुन् । उहाँ जस्ता युगपुरुष १०० वर्षमा एकजना जन्मन मुस्किल पर्छ ।

यो देशमा हर्क साम्पाङ जस्तो माटोको सुगन्धबाट जन्मेको अर्गानिक खाटी राष्ट्रवादी नेतृत्वमा यो देशले श्रम संस्कृति पार्टी पाउनु ठूलो कुरा हो । श्रम संस्कृति पार्टी र उहाँको राजनीतिमा आगमनले राजनीतिप्रति नै वितृष्णा रहेको आम जनतामा खडेरीले सुकेको बिरुवालाई मलजल काम भएको छ । ठूलो राहत भएको छ । सोहीअनुसार रूपन्देहीमा पनि मेरो नेतृत्वमा पार्टीको जिल्ला सभा गठन गरी पार्टीको जग बसाल्ने काम भयो ।

रुपन्देहीमा पार्टी संगठन विस्तारपश्चात् पार्टीप्रति आकर्षण बढ्दै थियो । तर गत २२ गतेको श्रमदानमा केही साथीहरुको अज्ञानताले केही विवाद उत्पन्न गरेको छ । कतिपय मिडियामा छविलाल गुरुङको नेतृत्वमा समानान्तर जिल्ला सभा गठन भएको समाचार आयो । यसले अन्योलता सिर्जना गरेको छ ।

गत २२ गते कम्तिमा २०० सय श्रमदाता श्रमदानमा आउने अवस्था थियो । त्यसमा श्रमदाताबाट केही अगुवा श्रमदातामा सानो गुनासो भएको हो । आउँदो बिहीबार श्रम संस्कृति पार्टीको बुटवल ११ दुर्गानगर मजुवामा पार्टीको आन्तरिक बैठक छ । त्यो बैठकमा हामी गत २२ गतेको श्रमदानको समीक्षा गर्ने छौँ । विभिन्न कारणवश जिल्ला सभामा रिक्त भएका र परिपूर्ति हुन बाँकी पदमा पदपूर्ति गर्ने छौँ र नजिक आइरहेको फागुन २१ गतेको संघीय निर्वाचनमा रूपन्देहीमा हाम्रो बलियो उपस्थित देखाउने श्रम संस्कृति पार्टी रुपन्देही जिल्ला सभाको प्रयत्न हुनेछ ।

अहिलेको जल्दोबल्दो र सबैले आशा गरेको पार्टीमा केही मतमतान्तर प्रतिस्पर्धा हुनु स्वभाविक हो । मृत पार्टीमा हुँदैन । तथापि लोकतन्त्रको विधि पद्धति नबुझ्नु भएका साथीहरूबाट केही जटिलता आएको अवश्य हो । यो पार्टीको आन्तरिक कुरा भएकोले मिलाएर लग्नु पर्छ र लग्ने छौँ । यो ठूलो समस्या होइन ।

२/४ जनाको कुनै कुरामा चित्त बुझेन भनेर वैधानिक बहुमतको विधि पद्धतिको विरुद्धमा अर्को कमिटी खोल्दै जाने हो भने जुनसुकै पार्टीको पनि एउटै जिल्लामा ८/१० वटा समानान्तर कमिटी बन्दै जान्छन् । के त्यसो गर्न हुन्छत ? त्यो हुँदैन । त्यो विधि पद्धति र लोकतन्त्रको मूल्य मान्यताविरुद्धको कुरा हो, त्यसो कसैले पनि गर्न गराउन हुँदैन । त्यो डेमोक्रासीको नम्स नबुझ्नेकाले मात्रै त्यसो गर्न सक्छ । त्यसले कसैको हित हुँदैन । पक्कै पनि पार्टीको केन्द्रीय नेतृत्वले पनि यो कुरा बुझेर उचित मार्गनिर्देशन दिनेछ ।

श्रम पिता हर्क साम्पाङको गीतले पनि भनेको छ :

देश आफैँ बन्दैन, गाली गर्दै अरुलाई
हातेमालो गरौँ आजै सच्चाएर आफैँलाई
श्रम गरौँ, कर्म गरौँ कसको हेर्नू आश,
विदेशीले बचाउँदैन हाम्रो देशको शाख

यो गीतअनुसार हामी अघि बढेमा इमान्दारीका साथमा भन्नुपर्दा अहिले देशको सबैभन्दा भरपर्दो र विश्वासीलो पार्टी श्रम संस्कृति पार्टी नै हो । जनता अन्य पार्टी र सबै नेतालाई राम्रोसँग हेरिसके अब हेर्न बाँकी छ भने हर्क साम्पाङ र श्रम संस्कृति पार्टी मात्रै हो । अब हामी सानातिना विवादमा नअल्झेर सबैलाई मिलाएर जिल्लामा पार्टीको संगठनलाई विस्तार गर्नुपर्ने छ ।

*(लेखक सुशीला पुलामी श्रम संस्कृति पार्टी रूपन्देहीका अध्यक्ष हुन् ।)*


# कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिवमन्दिर, नवलपरासी(ब.सु.पू.)

## कावासोती नगरपालिकाको औषधि खरिद सम्बन्धी विद्युतीय शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/२६**

यस कावासोती नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने निःशुल्क वितरणको औषधि खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त ईच्छुक औषधि कम्पनी बिक्रेता तथा सप्लायर्सहरुबाट यो सूचना प्रकाशित मितिले २०८२/०८/११ गते सम्म विद्युतीय शिलबन्दी दरभाउ पत्र फारम खरिद गरि PPMO की वेबसाइट www.bolpatra.gov.np/egp बाट शिलबन्दी दरभाउ पत्र फारम पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. विद्युतीय शिलबन्दी दरभाउ पत्र खरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरु अनिवार्य रुपले समावेश गरि PPMO को वैबसाइट www.bolpatra.gov.np/egp मा अपलोड गर्नुपर्नेछ (क) औषधि व्यवस्था विभागबाट प्राप्त ईजाजत पत्रको प्रतिलिपि (ख) मु.अ.कर मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (ग) आ.व. २०८१/०८२ सम्म कर चुक्ता भएको/म्याद थपको प्रमाण-पत्रको प्रतिलिपि (घ) फर्म वा व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि (ङ) स्व घोषणा पत्र (७) यस कार्यालयको राजस्व खाता नं. ३२००१००३०१०१००० मा रु ३०००/- तिरेको (फिर्ता नहुने गरि) बैंक भौचर स्क्यान गरि वेबसाइटमा अपलोड गर्नुपर्नेछ ।
२. रितपूर्वक खरीद भएका विद्युतिय शिलबन्दी दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले २०८२/०८/११ गते दिनको १२ बजे सम्म दर्ता गरि सक्नुपर्नेछ, सो विधुतिय शिलबन्दी दरभाउ पत्र मिति २०८२/०८/११ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने छ, शिलबन्दी दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन ।
३. रित नपुगेको विद्युतिय शिलबन्दी दरभाउ पत्र उपर कुनै कारबाही गरिने छैन ।
४. विद्युतीय शिलबन्दी दरभाउ पत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त दिनको भोलिपल्ट सोहि समयमा तोकिए अनुसारको कार्य हुनेछ ।
५. विद्युतीय शिलबन्दी दरभाउ पत्रदाताले कावासोती नगरपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक कावासोतीमा रहेको धरौटी खाता नं.३२००१००३०३००००३ मा धरौटी रकम रु ७३८३०/- ( अक्षेरुपी त्रिहत्तर हजार आठ सय तिस ) जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।
६. विद्युतीय शिलबन्दी दरभाउ पत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिवार्य उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ ।
७. पेश भएका विद्युतिय शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदाका बखत कम्तिमा १८ महिना बाकि रहेको हुनुपर्नेछ, १८ महिना म्याद हुनेको हकमा कम्तिमा ७५% बाँकी रहेको हुनुपर्नेछ ।
९. विद्युतीय शिलबन्दी दरभाउ पत्रदाताले आफुले दिन चाहेको औषधिको उत्पादक कम्पनि र उत्पादन भएको मुलुकको नाम प्रस्टसंग उल्लेख गर्नुपर्नेछ ।
१०. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएपछि सम्झौता गर्न आउदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २० को उपदफा ४ (३) अनुसार हुन आउने रकम यस कार्यालय कावासोती नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक कावासोतीमा रहेको धरौटी खाता नं.३२००१००३०३००००३ मा जम्मा गरेको भौचर या सो रकम बराबरको ठेक्का सर्त रहेको कुनै मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कार्य सम्पादन जमानत (पर्फर्मेन्स ग्यारेन्टी) पेश गर्नुपर्नेछ ।
११. विद्युतीय शिलबन्दी दरभाउ पत्रदाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनुपर्नेछ र ढुवानी तथा अन्य करहरु शिलबन्दी दरभाउ पत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
१२. विद्युतीय शिलबन्दी दरभाउ पत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयले आवश्यकतानुसार घपघट गर्न सक्नेछ । थपघट भएता पनि शिलबन्दी दरभाउ पत्रदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन । साथै स्वास्थ्य सस्थाको माग अनुसार शिलबन्दी दरभाउ पत्रको स्वीकृत दररेटमा आ.ब. २०८२/०८३ भित्र थप औषधिहरु खरिद गर्न सकिनेछ ।
१३. आफुले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ, औषधिको प्याकिंग (स्ट्रिप, बोतल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एस्कपाइरि मिति, ब्याच नं.,उत्पादक कम्पनीको नाम र नेपाल सरकारबाट निःशुल्क वितरणको लागि वा यो औषधि बिक्रिका लागि होइन भनि प्याकिंगमा स्पष्टसंग उल्लेख भएको हुनुपर्नेछ सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन ।
१४. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लास्टिक बोतलमा प्याकिंग भएको हुनुपर्नेछ ।
१५. विद्युतीय शिलबन्दी दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्नेछ ।
१६. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
१७. अन्य आवश्यक कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा ९८६०९२८०७७ मा सम्पर्क राख सकिनेछ ।

**तपशितः**

| ठेक्का नं | कार्य विवरण | इस्टिमेटेड रकम (भ्याट बाहेक ) ल्च्क | धरौटी रकम (ल्च्क) | शिलबन्दी दरभाउ पत्र फारम दस्तुर (NRs.) |
|---|---|---|---|---|
| 1/Goods/SQ/KM/ Health/082/083 | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | २४६१००४.०० | ७३८३०.०० | ३०००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# विद्यालयस्तरीय खो-खो प्रतियोगिता सम्पन्न



कञ्चन । रूपन्देही जिल्ला खो-खो सङ्घ रूपन्देहीको आयोजनामा आयोजित प्रथम रूपन्देही जिल्ला विद्यालयस्तरीय छात्र-छात्रा खो-खो खेल प्रतियोगिता २०८२ कञ्चन गाउँपालिका-३ धमिनताल खेलमैदानमा सम्पन्न भएको छ।

रूपन्देहीका विभिन्न विद्यालयका छात्रातर्फ १० टिम र छात्रतर्फ १४ टिम सहभागी भएको प्रतियोगितामा छात्र तर्फबाट हरैया माबि प्रथम भएको छ भने छात्रातर्फ रुद्रपुर मावि प्रथम भएको छ। यस्तै छात्रतर्फ जनकल्याण मावि गैंडहवा दोश्रो भएको छ भने छात्रातर्फ हरैया मावि दोश्रो भएको आयोजकले जनाएको छ। प्रतियोगिमामा छात्रतर्फ रुद्रपुर मावि तृतीय हुँदा छात्रातर्फ पोहवा मावि तृतीय भएको छ।

त्यसैगरी प्रतियोगितामा छात्रातर्फ उत्कृष्ट डिफेन्डर रुद्रपुर माविकि विद्यार्थी प्रिती घर्ती, उत्कृष्ट अट्र्याकर उपाधि रुद्रपुर माविकै पूर्णीमा बोहोराले प्राप्त गरेका छन्। यस्तै छात्रतर्फ उत्कृष्ट डिफेन्डरको उपाधि हरैया माविका बिक्की सुनार र उत्कृष्ट अट्र्याकरको उपाधि जनकल्याण मावि गैंडहवाका साजन खड्काले प्राप्त गरेको आयोजकले जनाएको छ।

प्रतियोगिताको समापन कार्यक्रममा बिजेता तथा उपबिजेता खेलाडीहरुलाई सम्मान तथा पुरस्कार दिँदै कञ्चन गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले खेलकुदले विद्यार्थीहरुलाई अनुशासन, आत्मविश्वास र एकताको भावनाको विकास गराउने बताइन्।

समय-समयमा हुने विभिन्न प्रतियोगिताहरुले विद्यार्थीहरूमा क्षमता विकास र स्वस्थ प्रतिस्पर्धाको भावना उत्पन्न गराई हरेक कार्यहरुमा एकता, सहकार्य र सहनशिलताको विकास समेत गराउने उल्लेख गर्दै उपाध्यक्ष थापा मगरले गाउँपालिकाले आगामी दिनमा सहयोग र प्रोत्साहन गर्ने जनाइन्।

त्यसैगरी कञ्चन गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष टिकाराम सापकोटाले कञ्चन गाउँपालिका ग्रामीण क्षेत्र भनिए पनि खेलकुदका लागि पर्याप्त सम्भावना रहेको बताउँदै यस्ता प्रतियोगिताले स्थानीयस्तरमै खेल प्रतिभा पहिचान गर्न मद्दत गर्ने बताए। खेलकुदलाई शिक्षासँगै जोड्न सके विद्यार्थीहरूले कञ्चनलाई देश र विदेशमा समेत चिनाउन सक्ने भन्दै खेलकुद अनुशासनको प्रायवाची समेत भएको जनाए।

त्यसैगरी लुम्बिनी प्रदेश खो-खो सङ्घका अध्यक्ष तुलबहादुर थापाले रूपन्देही जिल्लामा खो-खोको लोकप्रियता बढ्दै गएको र प्रदेशस्तरका प्रतियोगितामा सहभागी हुन योग्य खेलाडी उत्पादन गर्नमा समय समयमा सञ्चालन गरिने प्रतियोगितात्मक खेलहरुले सहयोग पुग्ने बताए।

प्रतियोगितामा संघका सल्लाहकार रामबहादुर थापाले

खो-खो हाम्रो मौलिक खेल भएको यसलाई विद्यालयस्तरमै निरन्तरता दिन सके राष्ट्रियस्तरमा पनि रूपन्देहीका खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्नसक्ने दक्ष खेलाडीहरुको उत्पादन हुने दाबी गरे।

रुपन्देही जिल्ला खो खो सघंका अध्यक्ष राजकुमार थापाको अध्यक्षता गर्दै खेलकुदले विद्यार्थीको शारीरिक, मानसिक र सामाजिक विकासमा योगदान पुऱ्याउने बताए। अध्यक्ष थापाले प्रतियोगिता सम्पन्न गर्न रुपन्देहीका विद्यालय, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था र खेलाडीहरुबाट भएको सहयोग र सहानुभूति तथा अमूल्य सुझावप्रति धन्यवाद समेत व्यक्त गरेका थिए।

संघका उपाध्यक्ष अमृत काफ्लेको स्वागत तथा सचिव गंगालाल पौडेलको सञ्चालनमा प्रतियोगिता सम्पन्न भएको थियो।

# जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था ( १९ जिल्ला कार्य क्षेत्र भएको )

केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही, फोन नं. ०७१-४३८१७१ (email : info@jucbank.com.np)

## Condensed Statement of Financial Position

### As on First Quarter ended 31 Aswin 2082 (17/10/2025)

Amount NRs.

| Particulars | This Quarter Ending | Immediate previous year ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 220,380,931.06 | 214,295,293.24 |
| Statutory Balances & due from Nepal Rastra Bank | 11,266,828.89 | 11,266,828.89 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Co-operatives | - | - |
| Loans and Advances to Customers | 2,067,068,548.27 | 2,112,478,032.63 |
| Investment Securities | | - |
| Current Tax Assets | - | - |
| Investment Property | - | - |
| Property and Equipment | 25,921,829.80 | 27,551,060.37 |
| Goodwill and Intangible Assets | 196,279.45 | 203,400.00 |
| Deferred Tax Assets | 6,334,050.79 | 6,334,050.79 |
| Other Assets | 37,905,443.30 | 37,888,647.63 |
| **Total Assets** | **2,369,073,911.56** | **2,410,017,313.55** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 973,508,367.11 | 954,783,503.12 |
| Borrowings | 1,039,892,542.24 | 1,096,814,966.96 |
| Current Tax Liabilities | 859,381.50 | 2,000,705.89 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | | - |
| Other Liabilities | 71,149,497.23 | 73,790,432.14 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **2,085,409,788.08** | **2,127,389,608.11** |
| **Equity** | | |
| Share Capital | 170,091,900.00 | 170,091,900.00 |
| Share Premium | | - |
| Retained Earnings | 5,618,812.41 | 8,267,905.46 |
| Reserves | 107,953,411.06 | 104,267,899.98 |
| **Total Equity** | **283,664,123.47** | **282,627,705.44** |
| **Total Liabilities and Equity** | **2,369,073,911.56** | **2,410,017,313.55** |

## Condensed Statement of Profit or Loss

### Upto Aswin End 2082

Amount NRs.

| Particulars | Current Year | | Previous year Correspounding | |
|---|---|---|---|---|
| | This Year Quarter | Upto This Quarter (YTD) | This Year Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 66,282,092.70 | 66,282,092.70 | 57,119,390.28 | 57,119,390.28 |
| Interest Expense | 36,198,484.49 | 36,198,484.49 | 43,948,738.19 | 43,948,738.19 |
| **Net Interest Income** | **30,083,608.21** | **30,083,608.21** | **13,170,652.09** | **13,170,652.09** |
| Fee and Commission Income | 4,245,117.42 | 4,245,117.42 | 5,865,064.25 | 5,865,064.25 |
| Fee and Commission Expense | 82,237.49 | 82,237.49 | 449,301.98 | 449,301.98 |
| **Net Fee and Commission Income** | **4,162,879.93** | **4,162,879.93** | **5,415,762.27** | **5,415,762.27** |
| **Net Interest, Fee and Commisson Income** | **34,246,488.14** | **34,246,488.14** | **18,586,414.36** | **18,586,414.36** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| **Total Operating Income** | **34,246,488.14** | **34,246,488.14** | **18,586,414.36** | **18,586,414.36** |
| Impairment Charge/ (Reversal) for Loans and ( | 2,915,227.97 | 2,915,227.97 | 4,759,091.19 | 4,759,091.19 |
| **Net Operating Income** | **31,331,260.17** | **31,331,260.17** | **13,827,323.17** | **13,827,323.17** |
| **Operating Expense** | **30,049,955.70** | **30,049,955.70** | **26,706,946.46** | **26,706,946.46** |
| Personnel Expenses | 23,181,130.07 | 23,181,130.07 | 21,632,220.23 | 21,632,220.23 |
| Other Operating Expenses | 5,166,769.97 | 5,166,769.97 | 3,180,686.51 | 3,180,686.51 |
| Depreciation & Amortisation | 1,702,055.65 | 1,702,055.65 | 1,894,039.71 | 1,894,039.71 |
| **Operating Profit** | **1,281,304.47** | **1,281,304.47** | **(12,879,623.29)** | **(12,879,623.29)** |
| Non Operating Income | | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit Before Income Tax** | **1,281,304.47** | **1,281,304.47** | **(12,879,623.29)** | **(12,879,623.29)** |
| Income Tax Expense | 384,391.34 | 384,391.34 | - | - |
| Current Tax | 384,391.34 | 384,391.34 | - | - |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Year** | **896,913.13** | **896,913.13** | **(12,879,623.29)** | **(12,879,623.29)** |
| **Profit Attributable to:** | | | | |
| Equity-holders of the Financial Institution | 896,913.13 | 896,913.13 | (12,879,623.29) | (12,879,623.29) |
| Non-controlling interest | - | - | - | - |
| **Profit for the Year** | **896,913.13** | **896,913.13** | **(12,879,623.29)** | **(12,879,623.29)** |

## Condensed Statement of Comprehensive Income

### Upto Aswin End 2082

| Particulars | Current Year | | Previous year Correspounding | |
|---|---|---|---|---|
| | This Year Quarter | Upto This Quarter (YTD) | This Year Quarter | Upto This Quarter (YTD) |
| Profit for the period | 896,913.13 | 896,913.13 | (12,879,623.29) | (12,879,623.29) |
| Other Comprehensive Income | - | - | - | - |
| Total Comprehensive Income for the Period | 896,913.13 | 896,913.13 | (12,879,623.29) | (12,879,623.29) |
| **Earnings per Share** | | | | |
| Basic Earnings per Share | | 2.11 | | (30.29) |
| Diluted Earnings per Share | | 2.11 | | (30.29) |

## Ratios as per NRB Directives

| Particulars | Current Year | | Previous year Correspounding | |
|---|---|---|---|---|
| | This Year Quarter | Upto This Quarter (YTD) | This Year Quarter | Upto This Quarter (YTD) |
| Capital fund to RWA | | 10.71% | | 10.70% |
| Non-performing loan (NPL) to total loan | | 7.81% | | 8.63% |
| Total loan loss provision to Total NPL | | 72.98% | | 48.29% |
| Cost of Funds | | 7.10% | | 7.56% |
| Credit to Deposit and borrowing Ratio | | 109.19% | | 108.01% |
| Base Rate | | 13.62% | | 13.23% |
| Interest Rate Spread | | 7.89% | | 6.28% |

**Notes to Interim Financial Statement**

1. The Interim Financial Statements have been prepared in accordance with Nepal Financial Reporting as issued by the Accounting Standard Board, Nepal and Carve out issued by ICAN
2. Loan and Advance are prepared net of impairment charges and include accrued interest .
3. The Unaudited Financial Figures may change if directed by Statutory Auditor/ Supervisory Authories.
4. Last Year figures has been reclassified, restated & Corrected whenever necessary for the purpose of comparability.
5. Actuarial Valuation has not been carried out for employee benefits which shall be made and adjusted on audited financial statements.
6. Personnel Expenses also include provision for employee bonus.
7. The Financial Statement has been updated in company's website :- www.jucbank.com.np

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली , २०७३ को अनुसुची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक प्रतिवेदन**

**१.वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरणः-** यसैसाथ प्रकाशित गरिएको छ।

**ख.प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २.११ | ५३२.८९ | १६६.७७ | १,३९२.८२ | १२.०६% |

**२.ब्यवस्थापकीय विश्लेषणः**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**

चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तार न्यून रहेको छ। वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैकिङ्ग तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ। अघिल्लो आ.व.को सम्बन्धीत त्रैमासको तुलनामा यस आ.व.को प्रथम त्रैमासमा संस्थाको नाफावृद्धि भएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ। आगामी दिनमा कर्जाको साँवा तथा ब्याज नियमित असुली हुने, निक्षेप परिचालनमा बृद्धि हुने तथा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको अनुमान रहेको छ।

**(ख) आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**

वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न प्रकारका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिएको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उद्देश्यले एस.एम.एस बैकिङ्क सेवा सूचारु गरिएको छ। सदस्यहरुले आफ्नो किस्ता ईसेवा, खल्ती वालेट र कनेक्ट आई.पि.एस् मार्फत आफै भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ। वित्तीय संस्थालाई प्रविधीमैत्री बनाउने मूख्य उद्देश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई ब्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना सहित देहायका विषयहरुलाई प्राथमिकतामा राखि कार्य गर्ने व्यवसायिक योजना रहेको छ। निक्षेप बृद्धिका लागी आर्कषक निक्षेप योजना लागु गरिने छ। बास्तविक समस्यामा परेका सदस्यलाई ब्याज छुट गर्ने र व्यवसाय पुनरउत्थानका लागी क्षमता अभिबृद्धि तालिम तथा वित्तीय परामर्श दिदै जाने योजना रहेको छ। ग्राहकको विश्वसनियता र पारदर्शितालाई ध्यानमा राखि नविनतम प्रविधिहरुको प्रयोग गरि वित्तीय सेवाहरुलाई ग्राहकमुखि बनाउदै लगिनेछ। आर्थिक वर्ष २०८२/०८३ देखि आधार दर ९द्यबकभ च्बतभ० को आधारमा व्याजदर निर्धारण गर्ने प्रणाली कार्यान्वयनमा आएको छ। भदौ २३ र २४ गते भएको आन्दोलनको क्रममा व्यावसायिक प्रतिष्ठान माथिको आक्रमणबाट खुम्चिन गएको आर्थिक गतिविधिहरु र वितिय संस्था विरुद्ध उठ्न थालेको आवाजहरु प्रति वित्तीय संस्था सचेत रहेको छ।

**(ग)संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरण :**

लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियम र कार्यविधिहरुको तर्जुमा गरि अगाडी बढ्ने नीति यस संस्थाले लिएको छ।

**३.कानुनी कारवाही सम्बन्धि विवरण :**

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन।

(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

**४.संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छः

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कुल शेयर कारोबार कित्ता |
|---|---|---|---|---|---|
| १,४८५ | १,१०५ | १,१२४ | ५१ | १,६०२ | १०७,१६४ |

**५.समस्या तथा चुनौतिहरु :**

- ❖ दक्ष जनशक्तिको अभाव र पलायन।
- ❖ कर्जा नोक्सानीको कारण नाफामा संकुचन।
- ❖ लघुवित्त क्षेत्रमा देखिएको उतार चढाव तथा विषम परिस्थीतिले सृजना गरेको किस्ता नतिर्ने सदस्यहरुको प्रवृति।
- ❖ सदस्यहरुद्धारा उत्पादित बस्तु तथा सेवाको अव्यवस्थित बजार व्यवस्थापन।
- ❖ नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति नियमहरु।
- ❖ आर्थिक मन्दीको कारण ग्राहकको कृषि, ब्यापार, ब्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव।
- ❖ समूह दायित्व वहनमा आएको समस्या
- ❖ कर्जा सदुपयोगितामा ह्रास।
- ❖ विभिन्न सयममा लघुवित्त विरुद्ध हुने सडक आन्दोलन।
- ❖ हुल हुज्जत, लघुवित्त विरुद्धको कुप्रचार तथा नकारात्मक टिका टिप्पणीका कारण सदस्यहरुमा सिर्जना भएको अन्यौलता।
- ❖ निष्क्रिय कर्जा व्यवस्थापन।
- ❖ राजनैतिक अन्यौल र व्यावसायिक प्रतिष्ठानहरु माथिको आगजनीले व्यवसायीहरुको कमजोर मनोबलका कारण आर्थिक संकुचन भई संस्थाको कर्जा विस्तार तथा कर्जा असुलिमा चुनौति बढ्ने देखिएको छ।
- ❖ ग्राहकहरुको वित्तीय साक्षारतामा कमी।
- ❖ निष्क्रिय सदस्य दर बृद्धि हुनु।

**६.संस्थागत सुशासन :**

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोवारहरु सञ्चालन हुदै आईरहेको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा विभिन्न समितिहरु गठन गरी विभिन्न समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आईरहेको छ।

**७.सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

# ३२औं न्यू होराइजन प्रदेशस्तरीय क्वीजको तयारी पूरा

बुटवल। न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालय बुटवलले हरेक वर्ष गर्दै आएको प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिताको ३२औं संस्करणको तयारी पूरा भएको छ। विद्यालयले प्रथम चरणको छनोट कार्यक्रम यही कार्तिक २८ गते बुटवल, पाल्पा र दाङमा एकैपटक गर्न लागेको छ। विद्यार्थीहरुमा अन्तरनिहित बौद्धिक प्रतिभा प्रस्फुटन र विद्यालयहरुबिच आपसी सम्बन्ध प्रगाढ बनाउने उद्देश्यले विद्यालयले २०५० सालदेखि क्वीज प्रतियोगिता सुरु गरेको हो। बुटवल केन्द्रमा रुपन्देही, कपिलवस्तु र नवलपरासी, पाल्पा केन्द्रमा पाल्पा, गुल्मी र अर्घाखाँची, र लमही केन्द्रमा बर्दिया, बाँके, दाङ, पूर्वी रुकुम, रोल्पा र प्यूठानका विद्यालयहरू प्रतिस्पर्धामा रहनेछन्।

विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले यस वर्षको प्रतियोगितामा प्रदेशका दुई सय विद्यालय सहभागी हुने अनुमान गरिएको बताए। प्रतियोगिताको निष्पक्षता कायम राख्न न्यू होराइजन संस्थाअन्तर्गतका विद्यालय र विद्यार्थीलाई प्रतियागितामा सहभागी नगराइने, तर उनीहरूलाई अवलोकनकर्ताका रूपमा सहभागी गराइने प्राचार्य उपाध्यायले बताए।

२०५० सालमा जिल्लास्तरीय रूपमा सुरु गरिएको यो प्रतियोगिता क्रमशः अञ्चलस्तरीय हुँदै पछिल्ला तीन वर्षदेखि प्रदेशस्तरीय रूपमा आयोजना हुँदै आएको रभविष्यमा राष्ट्रियस्तरको बनाउने बताए।

हाजिरी जवाफ कार्यक्रमका मूल संयोजक मनोज सिलवालले कक्षा ८,९ र १० का विद्यार्थी सहभागी हुने यो कार्यक्रम खर्चिलो भए पनि सबैतिरबाट सकारात्मक प्रतिक्रिया आएकाले निरन्तरता दिएको बताए। उनले प्रतियोगितामाहरेक वर्ष विद्यालय संख्या बढ्दै गएको जनाए।

विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजुले बोल्दै गुणस्तरीय शिक्षा दिने उद्देश्यले २०४६ सालमा स्थापित न्यू होराइजनले शैक्षिक क्षेत्रमा विशिस्ट पहिचान बनाउँदै आएको बताए।

उनले विद्यालयले पाठ्यक्रमको ज्ञानसँगै अतिरिक्त क्रियाकलापमार्फत् विद्यार्थीको सर्वाङ्गीण विकासमा जोड दिएको जनाए। उनले विपन्न र गरिब विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका सहयोग गर्न छुट्टै कोष समेत स्थापना गरिएको बताए।

प्रतियोगिताको लागि पाल्पा केन्द्रको संयोजकमा प्रकाश पन्त र लमही केन्द्र संयोजकमा प्रकाश गौतम रहेका छन्।

प्रतेक केन्द्रमा हिट राउन्डबाट ६ वटा विद्यालय सेमी फाइनलमा प्रवेश गर्नेछन्। उक्त सेमी फाइनलमा बिजेता हुने विद्यार्थीले प्रथमले ९ हजार, दोस्रोले ६ हजार, तेस्रोले ४ हजार ५ सय प्राप्त गर्ने शिक्षक प्रकाश खनालले जानकारी दिए।

प्रत्येक केन्द्रबाट प्रथम र द्वितीय भएका दुई-दुई टोली गरी ६ टोलीबिच मंसिर १३ गते शनिबार न्यू होराइजन मा.वि. देवीनगरबाट फाइनल प्रतिस्पर्धा हुनेछ। फाइनलमा प्रथम हुनेले ४० हजार, दोस्रोले २५ हजार र तेस्रोले २० हजारसहित शिल्ड, ट्रफि र प्रमाणपत्र पाउनेछन्। कार्यक्रममा विद्यालयका उप-प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल र राजीव श्रेष्ठ, पत्रकार महासंघ रुपन्देहीका उपाध्यक्ष विश्वास ढकालसगायतले मन्तव्य राखेका थिए।

गत वर्षको ३१औं संस्करणमा बुटवलको एभरेष्ट बोर्डिङ स्कूल प्रथम, दाङ तुल्सीपुरको अमर बोर्डिङ स्कूल द्वितीय र पाल्पाको जनता मावि तानसेन तृतीय स्थानमा रहेका थिए।

# देशभरका विद्यालयको जग्गाको विवरण माग

बुटवल। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका सार्वजनिक विद्यालयको जग्गाको विवरण माग गरेको छ।

मन्त्रालयले शिक्षा तथा मानवस्रोत विकास केन्द्र भक्तपुरलाई परिपत्र गरी हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरूको जग्गाको विवरण माग गरेको हो।

मन्त्रालयले यो परिपत्र यही कात्तिक १९ गतेको मितिमा गरेको छ, तर, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले मंगलबार सार्वजनिक गरेका छन्।

'विद्यालय र सिकाइ केन्द्रका जग्गा विवरण संकलन गर्ने' भन्दै उनले सामाजिक सञ्जालमा 'जग्गा हिनामिना भएको भनेर धेरै जिल्लाहरूबाट रिपोर्ट आएको हुनाले सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रका नाममा भएका जग्गा विवरण, तिनको भोगचलनको अवस्था र जग्गासम्बन्धी के-कस्ता समस्या छन् भनेर देशैभरिका विद्यालयबाट' विवरण माग गरिएको बताएका छन्।

पुन शिक्षामन्त्री भएपछि त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन समितिको प्रतिवेदन सार्वजनिक गरी अतिक्रमित जग्गा फिर्ता ल्याउन पहल गरिरहेका छन्।

# क्रिमसन अस्पतालमा रक्तदान



बुटवल। 'रक्तदान जीवनदान' भन्ने नाराका साथ क्रिमसन कलेज अफ टेक्नोलोजी क्रिमसन अस्पताल मणिग्रामले मंगलबार रक्तदान कार्यक्रमको आयोजना गरेको छ। पछिल्लो समयमा जिल्लाभर रगतको अभाव चर्किएको हुँदा नेपाल रेडक्रस सोसाइटीको अनुरोधमा रक्तदान कार्यक्रमको आयोजना गरिएको हो।

अस्पताल परिसरमा आयोजना गरिएको कार्यक्रममा अस्पतालका चिकित्सक, कर्मचारी, नर्स, विद्यार्थी तथा बिरामीका कुरुवासमेत सक्रिय रुपमा रक्तदानमा सरिक भएका थिए। ६१ जना रक्तदाताले रक्तदान गरेको कार्यक्रम संयोजक तथा अस्पतालका नर्सिङ्ग इञ्जार्च सरिता अर्यालले जानकारी दिइन्।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बुटवल रक्त सञ्चार केन्द्रबाट निरञ्जन राजभण्डारी, प्रीति रानामगर र निशान थापाको टोलीले सहजीकरण गरेको थियो। बुटवल क्षेत्रमा मात्रै दैनिक १२० पोइन्ट रगत माग रहेको र मागअनुसार रगत उपलब्ध गराउन निकै समस्या देखिएको नेपाल रेडक्रस सोसाइटीले जनाएको छ।

रक्तदाताहरुलाई धन्यवाद ज्ञापन गर्दै अस्पताल व्यवस्थापन समिति अध्यक्ष दुर्गाप्रसाद पाण्डेय, अस्पताल निर्देशक डा.शेखरप्रसाद पोखरेल, प्रशासन शाखा प्रमुख कुलमणि ज्ञवाली, जनसम्पर्क अधिकृत चन्द्रकान्त बस्याल, मेट्रोन निरा अधिकारी, कार्यक्रम संयोजक सरिता अर्याललगायतले प्रमाणपत्र वितरण गरेका थिए।


## पाल्हीनन्दन गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौँ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौँ।
- पानी उमालेर मात्र पिउने गरौँ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौँ।
- सबैखालका विभेदको अन्त्य गरौँ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौँ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔँ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौँ, चर्पीमा मात्र दिसापिसाब गरौँ।

अनुरोधक
पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल






## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेसन लि.बिमालेख यही मिति २०८२।०६।०२ गते परासीदेखि बर्दघाट जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नामः** उमेश बानियाँ
**ठेगानाः** रामग्राम-१८, नवलपरासी
**बिमा लेख नं.:** १५००३०३३७
**सम्पर्क नं.:** ९८२८८८५२१२

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको सानिमा रियालन्स लाइफ इन्स्योरेन्स लि. विमालेख यही मिति २०८२।०६।०३ गते गुल्मीदेखि पाल्पा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नामः** एन्जिला पोखेल
**ठेगानाः** धुर्कोट, गुल्मी
**बिमा लेख नं.:** ५०१००००००३४३
**सम्पर्क नं.:** ९८६१७१७७९५

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेसन लि.बिमालेख यही मिति २०८२।०६।०१ गते सुनवलदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नामः** सुवास कुमाल
**ठेगानाः** सुनवल-०४, नवलपरासी
**बिमा लेख नं.:** १५००४१०८८
**सम्पर्क नं.:** ९८६६६१९१९२


## Madane Rural Municipality
### Office of the Rural Municipal Executive
Purkotdaha, Gulmi

## Invitation for Electronic Bids

1st Date of Publication: 12th November 2025 (26th Kartik, 2082)

Madane Rural Municipality, Purkotdaha, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB. Name and identification of contracts are mentioned below and the details are in the bidding document.

| S. No | Contract ID. | Description of Work | Estimated Amount (With VAT, PS and contingencies) in NPR | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GULW-NCB-10-2082/83 | Upgrading Of haatbazar Kavra road | 2500160.49 | 3000 | 60000 | 12th December 2025 12:00 Noon | 12th December 2025 13:00 hrs. |
| 2 | OMDRM-GULW-NCB-11-2082/83 | Upgrading Of purkotdaha Nawera thulabhir road | 2500428.81 | 3000 | 60000 | 12th December 2025 12:00 Noon | 12th December 2025 13:00 hrs. |

| Bank Name | Name of Office | Deposit Account Name and No | |
|---|---|---|---|
| Agriculture Development Bank | Madane Rural Municipality Purkotdaha, Gulmi | Madane Rural Municipality Ga 1.1 Internal Revenue 0425401499748114 (rajaswo khata) | Madane Ga.Pa.Ga.3.1 Local Level Dep 0425401499748041 (Dharauti Khata) |

1. Bid Validity Period shall be 90 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for NCB.
2. Bid Validity Period shall be 45 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for SQ.
3. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
6. For other information, refer to bid document or contact 9857049049, 9857067675.

Chief Administrative Officer

Lumbini Province Government
## Road Infrastructure Development Office, Arghakhanchi

## Invitation for Online Sealed Quotation

Date of Publication: 12thNovember, 2025(2082/07/26)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic sealed quotations from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work. All other information and Bid Document for Sealed Quotations can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Information to deposit the cost of bidding document (NRs: 1000) in Bank:**

Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka, Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi, Office Code No: 3370151015 (Dharauti and Rajaswa), Rajaswa Shrishak No: - 14229; Rajaswa Account No.: 1000200010000, Last Date of Bid Purchase and Submission: 27th Nov, 2025 (2082-08-11)12:00 Hrs. Bid Security Amount with Validity up to 9th Feb, 2026:-NRs. 35,000.00

| SN | Name of Project/Contract No. | Estimated Amount Excl. VAT |
|---|---|---|
| 1. | Baraneta Pandada Jalam Jhimruk Sadak/RIDO-ARG-W-SQ-66-2082/083 | 13,79,444.34 |
| 2. | Sallikot Milmile Sadak/RIDO-ARG-W-SQ-67-2082/083 | 13,79,995.52 |
| 3. | Lamapokhara Bhaterchaur Dhungeni Krishi Sadak Sandhikharka-10/RIDO-ARG-W-SQ-68-2082/083 | 13,80,641.87 |
| 4. | Thati Thumka Motorbato/RIDO-ARG-W-SQ-69-2082/083 | 13,79,303.95 |
| 5. | Majh Hatiya Jikhauli Jarekhola Sadak/RIDO-ARG-W-SQ-70-2082/083 | 13,79,987.65 |
| 6. | Jhedi Bazzar Motorbato/RIDO-ARG-W-SQ-71-2082/083 | 13,80,658.55 |
| 7. | Durbang Salendhara Taladamar Motorbato/RIDO-ARG-W-SQ-72-2082/083 | 13,79,999.96 |
| 8. | Dhorpatan Sadak Naulopani Chaprung Khadamaidan Motorbato Sandhikharka 09/RIDO-ARG-W-SQ-73-2082/083 | 13,79,988.58 |
| 9. | Sitapur Jhera Simalpani Sadak/RIDO-ARG-W-SQ-74-2082/083 | 13,79,274.82 |
| 10. | Bhartapur Halde Mandre Budhichaur Kailase Padhe Kalimati Sadak/RIDO-ARG-W-SQ-75-2082/083 | 13,79,302.25 |
| 11. | Chibek Jansewa Dham Aklekharka Motarbato/RIDO-ARG-W-SQ-76-202082/083 | 13,79,301.80 |
| 12. | Satamara Lahape Salimkhola Chidi Chaur Chakla Motarbato/RIDO-ARG-W-SQ-77-2082/083 | 13,79,253.59 |
| 13. | Nugalitola Ratamata Baskhola Aayate ko Neta Fursekafal Motarbato Malarani 4/RIDO-ARG-W-SQ-78-2082/083 | 13,80,678.35 |
| 14. | Chhatrabas Kudule Nedwang Thulapokhara Arghatosh Deurali Sadak/RIDO-ARG-W-SQ-79-2082/083 | 13,79,263.01 |
| 15. | Dampingside Hatari Dadagaun Panini Campus Hudai Ladam Sadak /RIDO-ARG-W-SQ-80-2082/083 | 13,79,845.50 |

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com